लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका(देउखुरी)

## १३३ औं सचिव बैठकको निर्णय

२०८० आश्विन २

१. चालु आर्थिक वर्षको हालसम्मको प्रगति अवस्था सम्वन्धी संक्षिप्त समीक्षा गरियो। वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजनाको माइलस्टोन र तोकिएको अवधिबमोजिम चालु आर्थिक वर्षका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।

२. हरेक महिनाको १ गते हुने नियमित सचिव बैठकमा नीति कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयन प्रगति अवस्थाको समिक्षा गर्ने र १५ गते हुने सचिव बैठकमा प्रदेश र मन्त्रालयका विविध विषयमा छलफल गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विषयगत मन्त्रालयबाट भएको सरुवा शीघ्र कार्यान्वयन गर्ने। सरुवा वा कामकाज खटाईएका जनशक्तिलाई रमाना दिन बाँकि भए तत्काल रमानाको व्यवस्था मिलाउने।

४. प्रदेशमा रहेको जनशक्ति अभावलाई पूर्ति गर्न जनशक्ति व्यवस्थाका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र विषयगत मन्त्रालयसँग अनुरोध गर्ने।

५. प्रदेश सरकारले चालु आर्थिक वर्षमा लिएको राजश्व परिचालन लक्ष्य हासिल हुने गरी सवै विषयगत मन्त्रालयहरुले क्रियाकलाप सञ्चालन गर्ने। प्रदेश सरकार, अर्थ मन्त्रालयसँग समन्वयको लागि राजश्व परिचालन सम्वन्धी फोकल पर्सन तोकि सोको जानकारी पठाउने।

६. प्रदेश सरकारका सबै मन्त्रालयमा कार्यान्वयनमा ल्याइएको एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System) लाई मन्त्रालय मातहतका कार्यालयहरुमा समेत सञ्चालनमा ल्याउन तयारी गर्ने। प्रणाली सञ्चालन क्रममा देखिएका द्विविधा र प्राविधिक समस्याका सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराउने। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोको प्राविधिक सहयोग सम्वन्धी अभिमुखीकरण यथाशिघ्र सञ्चालन गर्ने।

७. चालु आर्थिक वर्ष २०८०।०८१ को नीति कार्यक्रम, वजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयन सम्वन्धमा देहायबमोजिम गर्ने।

क. दोहोरो परेका योजना/आयोजना/कार्यक्रम मध्ये कार्यान्वयन गर्ने र नगर्ने योजना/आयोजना/कार्यक्रमको विवरण अन्तिम रुप दिई यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश सरकार, अर्थ मन्त्रालयसमक्ष विवरण पेश गर्ने।

२०८०।०६।०२

...अर्याल

...सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, दिउरी

ख. योजना/आयोजना/कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानून यथाशिघ्र तयारी गर्ने। मन्त्रालयबाट स्वीकृत हुनसक्ने कानून मन्त्रालयबाटै स्वीकृत हुने व्यवस्था मिलाउने र प्रदेश सरकार मन्त्रिपरिषद्मा निर्णयार्थ पेश गर्नुपर्ने भए प्रक्रियाबमोजिम प्रस्ताव पेश गर्ने।

ग. अन्य विषयगत मन्त्रालयसँगको समन्वय आवश्यक पर्ने भए सम्वन्धित मन्त्रालयहरु बीच समन्वय गरी यथाशिघ्र कार्यान्वयन हुने व्यवस्था मिलाउने।

घ. अन्तर तहगत समन्वय र सहकार्य आवश्यक भए प्रदेश सरकारको विनियोजन ऐनबमोजिमको प्रक्रिया पुरा गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

८. मन्त्रालयको हालसम्म रहेको बेरुजु फर्छ्यौटलाई प्राथमिकता दिइ नियमित, सम्परिक्षण र फर्छ्यौट हुने व्यवस्था गर्ने, गराउने। गत आर्थिक वर्षको आन्तरिक र अन्तिम लेखा परिक्षण समयमै हुने व्यवस्था मिलाउने।

९. नेपाल सरकार र प्रदेश सरकारको कानुनबमोजिम आर्थिक वर्ष समाप्त भए पश्चात तयार गरी अर्को तह वा निकायमा गर्नुपर्ने प्रतिवेदन, संघीय एवम् प्रदेश सरकारका निकाय र नियमनकारी निकायले माग गरेका प्रदेश सरकारसम्वन्धित प्रतिवेदन एवम् विवरण माग गर्ने निकायसमक्ष प्राथमिकताका साथ तोकिएको समयमै पेश गर्ने व्यवस्था सबै मन्त्रालयले मिलाउने।

१०. प्रदेश सरकार स्थापनापश्चात हालसम्म निर्माण भएका ऐन कानूनको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने। नेपालको संविधान, कार्य विस्तृतिकरण प्रतिवेदन, नेपाल सरकारका ऐन कानूनबमोजिम प्रदेशको जिम्मेवारी र अधिकार क्षेत्रबमोजिम कार्यान्वयन गर्नुपर्ने विषयहरुका सम्वन्धमा निर्माण गर्न बाँकी ऐन कानून आवश्यकताका आधारमा विषयगत मन्त्रालयले अविलम्ब निर्माणको व्यवस्था मिलाउने।

११. प्रदेश सरकारका मन्त्रालयहरुबाट शासकिय प्रवन्ध, सेवा प्रवाह र विकास व्यवस्थापन गर्दा मितव्ययिता, पारदर्शिता, आन्तरिक नियन्त्रण प्रणाली र सुशासनका मूल्य मान्यतालाई उच्च प्राथमिकता दिई कार्य सम्पादन गर्ने, गराउने ।

१२. सूचनाको हक सम्वन्धी ऐनबमोजिम हरेक तीन महिनामा सार्वजनिक गर्नुपर्ने स्वत:प्रकाशन नियमित हुने व्यवस्था सबै मन्त्रालयले मिलाउने।

१३. नेपाली संस्कृति र परम्पराका विभिन्न चाडपर्वको नजिकिंदो अवस्थालाई ध्यान दिइ आमजनमानसमा आवतजावतको प्रभावकारी व्यवस्था मिलाउन तहगत समन्वय समेत गरी भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक नियमत सूचारु र यातायात व्यवस्थापनको प्रभावकारी व्यवस्था मिलाउने। वजारमा खाद्य सामग्री आपूर्ति र वितरणको प्रभावकारी व्यवस्था

राधिका अर्याल
का.मु. प्रमुख सचिव

मिलाउदै कालो वजारी, कृतिम अभाव, अस्वभाविक मूल्यवृद्धिलगायत नियन्त्रणका लागि तहगत समन्वयमा गृह मन्त्रालय र प्रदेश आपूर्ति हेर्ने मन्त्रालयले प्रभावकारी व्यवस्था गर्ने।

१४. प्रदेश सरकारका मन्त्रालय र अन्तर्गत निकायहरुले चिठ्ठीपत्र आदानप्रदान गर्दा नेपाल सरकारको हुलाक कार्यालयमार्फत गर्ने व्यवस्था मिलाउने।

सादर अवगतार्थ
माननीय मुख्यमन्त्रीज्यू
लुम्बिनी प्रदेश

राधिका अर्याल
का.मु. प्रमुख सचिव